# प्रगति विवरण २०६७।६८

मिति २०६४ साल वैशाखमा तदर्थ समिति गठन गरी कार्य शुरु गरिएको र मिति २०६४ साल चैत्र ६ गतेका दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा विधिवत् रुपमा **माई स्मल हेल्प** नामक संस्था दर्ता गरि वालवालिकाहरुको, विषेशगरी शैक्षिक क्षेत्रमा सहयोग पुर्‌याउने उद्देश्यले आफ्ना कार्यहरु शुरु गरेको यस संस्थाले आजका मिति सम्म आईपुग्दा क्रमिक रुपमा प्रगति गर्दै आएको मैले पाएको छु । यस क्रममा संस्था स्थापना काल भन्दा अगाडि देखि नै गरिब, जनजाति, पिछडिएका तथा जेहेन्दार वालवालिकाहरुको खोजी गरि त्यस्ता वालवालिकाहरुलाई शिक्षाको उज्यालो ज्योति पुर्‌याउन आजका मिति सम्म यस संस्था सफल रहिआएको छ ।

सो क्रममा यस संस्थाले विभिन्न विद्यालयहरु सँग सहकार्य गर्दै वालवालिकाहरुलाई आवश्कता अनुसारको शैक्षिक खर्च ब्यहोर्ने प्रतिवद्धताका साथ आफ्नो कार्य प्रारम्भ गरि सो कार्यलाई आजका मिति सम्म पनि निरन्तरता दिनुका साथै संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्नको लागि विभिन्न व्यक्तिहरु तथा संघ-संस्थाहरु सँग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र सफलता प्राप्त गरेको छ ।

यसै क्रममा संस्थाले आर्थिक वर्ष २०६७।६८ मा प्राप्त गर्न सफल भएको प्रगति विवरण यसप्रकार रहेका छन् ।

- यस संस्थाबाट छात्रवृत्ति प्रदान गरिएका सम्पूर्ण विद्यार्थीहरुका लागि यस वर्ष पनि छात्रवृत्ति जारी राखियो ।

**संचालित कार्यक्रमको विवरण**

१.

| क्र.सं | कार्यक्रमको नाम | **शैक्षिक छात्रवृत्ति कार्यक्रम** |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | ललितपुर |
| ४. | कार्यक्रमको मुख्य उद्देश्य | • शिक्षाको पहुँच नपुगेका बालबालिकाहरुलाई सर्बसुलभ तरिकाले शिक्षा प्रदान गर्ने ।<br>• बच्चाको पढ्न पाउने अधिकार सुनिश्चित गर्ने । |

| | | |
|---|---|---|
| ५. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • शैक्षिक खर्च वितरण गरियो । |
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धि | • यस परियोजनाले गर्दा विभिन्न स्थानमा रहेका अनाथ तथा गरीब वालवालिकाहरुले पढ्न तथा अन्य शैक्षिक सुबिधाहरु पाइरहेका छन् ।<br>• विभिन्न गरिब परिवारहरुलाई आफ्नो नानीहरुको शैक्षिक भार धेरै हदसम्म न्युन भएको छ । |
| ७. | लाभान्वित संख्या | ५० जना भन्दा माथि |

२.

| **क.सं** | **कार्यत्रक्रमको नाम** | Knightsbridge School Project |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | ललितपुर, काभ्रे, काठमाण्डौं |
| ४. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • यस प्रोजेक्ट अन्तर्गत ललितपूर जिल्ला, ग्वार्को १७ स्थित मेरीवर्ट स्कूलको होस्टेलमा रहेका विद्यार्थीहरुको लागि ६ थान डबल आईरन बेड प्रदान गरियो ।<br>• सोही स्कूलको होस्टेलमा बस्ने १८ जना विद्यार्थीको लागि जाडोको कपडा वितरण गरियो ।<br>• काभ्रे जिल्ला, कँलाती भूमिडाँडा गा.वि.स स्थित श्री बाल प्रकाश मा.वि मा कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत् १५० जना विद्यार्थीहरुको लागि शैक्षिक सामाग्री वितरण गरियो । |

| | | |
|---|---|---|
| | | • काठमाण्डौं जिल्ला बाङ्गेमुढा स्थित श्री कृष्ण प्राथमिक विद्यालयमा अध्ययन् गर्ने ३ जना नानीहरुको लागि शैक्षिक छात्रवृत्ति<br>• प्रदान गरियो । |
| ५.. | कार्यक्रमको मुख्य उद्देश्य | • शिक्षामा सुलभता । |
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धी | • आधारभूत शैक्षिक कुराहरुको उपलब्धता । |
| ७. | लाभान्वित संख्या | • २०० जना भन्दा माथि । |

३.

| क.सं | कार्यक्रमको नाम | Primary Teachers Training Program |
|---|---|---|
| १. | दातृ संस्थाको नाम | माई स्मल हेल्प , यू .के. |
| २. | ठेगाना | यू .के. |
| ३. | कार्यक्रम स्थल | काभ्रे जिल्ला, धुलिखेल |
| ४. | कार्यक्रम अन्तर्गत गरिएका क्रियाकलापहरु | • यस प्रोजेक्ट अन्तर्गत काभ्रे जिल्ला, धुलिखेल स्थित संजिवनी इङ्गलिस स्कूलमा अन्य विद्यालयबाट पनि शिक्षिकाहरु सहभागी गराई २ दिने शैक्षिक तालिम संञ्चालन गरियो । |
| ५. | कार्यक्रमको मुख्य उद्देश्य | • शैक्षिक गुणस्तरमा वृद्धि । |
| ६. | कार्यक्रमबाट प्राप्त संक्षिप्त उपलब्धी | • शैक्षिक गुणस्तरमा सुधार । |

| | | |
|---|---|---|
| ७. | लाभान्वित संख्या | • ३५ जना । |

- यस संस्थाले यो आर्थिक वर्ष भित्र ३ पटक रक्तदान कार्यक्रम आयोजना गर्न सफल रह्यो ।
- संस्थाको दिगो विकासको लागि माई स्मल डिजाईन सँग सहकार्य गर्न सफल रह्यो ।

आर्थिक वर्ष २०६७६८ मा माथि प्रस्तुत गरिएका कार्यहरु सफलताका साथ सञ्चालन गर्न यस संस्था सफल रह्यो ।

संस्थाको तर्फबाट माथि उल्लेखित विवरण प्रमाणित गर्ने ब्यक्ति

नाम : प्रमिला के.सी.

हस्ताक्षर :

पद : सचिव

मिति :

छाप :